नेपाल समाचारपत्र

अर्जेन्टिनाविरुद्ध फ्रान्स भिड्दै

जारी फिफा विश्वकपअन्तर्गत शनिबार अन्तिम १६ को पहिलो खेलमा फ्रान्स र अर्जेन्टिनाबीच प्रतिस्पर्धा हुँदैछ। २ पटकका विश्वकप विजेता अर्जेन्टिना र फ्रान्सबीच कजान एरिनामा नेपाली समयअनुसार बेलुकी ७:४५ बजे खेल हुनेछ। फ्रान्स समूह 'सी' को विजेता हो भने अर्जेन्टिना समूह 'डी' को उपविजेता टोली हो। यो खेल कडा प्रतिस्पर्धात्मक र उत्कृष्ट हुने अनुमान गरिएको छ।

फ्रेन्च प्रशिक्षक डिडियर डेसक्याम्पसले आफ्ना प्रमुख खेलाडीलाई डेनमार्कविरुद्धको खेलमा आराम गराएका थिए। उनले पेरूविरुद्ध समूहको दोस्रो खेलका सुरुआती ११ लाई अर्जेन्टिनाविरुद्ध खेलाउने प्रबल सम्भावना रहेको छ। जसअन्तर्गत ह्यूगो लोरिस, बेन्जामिन पाभार्ड, सामुएल उम्टिटी, पाउल पोग्बा, ब्लेसे माटुईडी र क्लियन बाप्पेले सुरुआती ११ मा स्थान पाउनेछन्। अर्जेन्टिनाविरुद्ध फ्रान्सले मुख्यत: फरवार्डद्वय एन्टोइन ग्रिज्म्यान र क्लियन बाप्पे तथा मिडफिल्डर पाउल पोग्बाको प्रदर्शनबाट प्रभाव पार्न सक्नेछन्। फ्रान्सले पछिल्ला ७ खेलमा ५ मा जित तथा २ बराबरीको नतिजा निकालेको छ।

यता अर्जेन्टिनाले भने अन्तिम १६ मा पुग्नका लागि निकै संघर्ष गर्नुपरेको थियो। समूहको पहिलो खेलमा आइसल्यान्डविरुद्ध १-१ गोलको बराबरी र क्रोएसियासँग ३-० को फराकिलो गोलअन्तरको हारपछि अर्जेन्टिनाको अन्तिम १६ मा पुग्ने सम्भावना भाग्यमा निर्भर बनेको थियो। तर नाइजेरियालाई २-१ ले हराउन सम्पूर्ण शक्ति खर्चेर अन्ततः अर्जेन्टिना नकआउट चरणमा स्थान बनाउन सफल भयो। फ्रान्सविरुद्ध हुने खेलमा भने अर्जेन्टिनाले डिफेन्समा सुधार गर्नुपर्ने देखिन्छ। विशेष गरी म्यानचेस्टर सिटीका अर्जेन्टिनी सेन्टरब्याक निकोलस ओटेमेन्दी चुस्त हुनुपर्ने देखिन्छ। यस्तै अग्रपंक्तिमा पनि लियोनेल मेसीलाई कभर गर्न फरवार्डद्वय सर्जियो अगुएरो र गोन्जालो हिग्वेन चनाखो हुनुपर्नेछ।

अर्जेन्टिनाविरुद्ध फ्रान्सले ४-२-३-१ को रणनीति अपनाउने सम्भावना छ। यता अर्जेन्टिनाले भने ४-३-३ को रणनीतिमा खेल्ने सम्भावना रहेको छ। जसअन्तर्गत फ्रान्सले सुरुआती ११ मा फरवार्ड ओलिभर जिरौडलाई आक्रमणको जिम्मा दिन सक्नेछ। जसलाई आक्रामक मिडफिल्डर क्लियन बाप्पे, ऐन्टोइन ग्रिजम्यान, ब्लेसे माटुईडीले साथ दिनेछन्। तिनिहरूको आक्रमणलाई झेल्न अर्जेन्टिनाका गोलरक्षक फ्रान्को अर्मानी र डिफेन्डर गाब्रिएल मर्काडो, निकोलस ओटेमेन्डी, मार्कोस रोजो र निकोलस टाग्लियाफिलाई हम्मे हम्मे पर्न सक्छ।

यता अर्जेन्टिनाको आक्रामक मिडफिल्डर इभर बेनेगा, जेभियर मेसेरानो, म्याक्समिलियानो मेजाको सहयोगमा फरवार्ड सर्जियो अगुएरो, लियोनेल मेसी र गोन्जालो हिग्वेनले पनि फ्रान्सको गोलरक्षक ह्यूगो लोरिससहित बेन्जामिन, भराने, उम्टिटी र हर्नान्डेजसहितको डिफेन्सको अग्निपरीक्षा लिने सम्भावना छ।

यस्तै फ्रेन्च टिमको डिफेन्सिभ मिडफिल्डर पाउल पोग्बा र एन्गोलो कान्तेले भने अर्जेन्टिनाको आक्रमणलाई रोक्नुका साथै ओभरल्यापमा गएर अग्रपंक्तिका खेलाडीलाई समेत सहयोग गर्न सक्नेछन्।

हेड टु हेड

फ्रान्स र अर्जेन्टिनाले एकअर्काबीच अहिलेसम्म ११ पटक खेलेका छन्। जसमध्ये ६ पटक अर्जेन्टिनाले जित्दा फ्रान्स ३ पटक मात्र विजयी भएको छ। यसक्रममा अर्जेन्टिनाले १२ गोल गरेको छ भने फ्रान्सले ५ गोल मात्र गरेको छ।

यी दुईले पछिल्लो पटक सन् १९७८ को विश्वकपमा खेलेका थिए। जसमा अर्जेन्टिना २-१ ले विजयी भएको थियो। पछिल्लो पटक फ्रान्सको मार्सेमा भएको मैत्रीपूर्ण खेलमा अर्जेन्टिनाले फ्रान्सलाई २-० ले हराउँदा १ गोलमा लियोनेल मेसीले नाम लेखाएका थिए।



मिची बाट्सुआयीले गोलको सेलिब्रेसन बल हिर्काएर गरे। तर उनले हानेको बल जालीबाट डिफ्लेक्ट भएर उनको अनुहारमा नराम्रोसँग लागेको थियो। इंग्ल्यान्डविरूद्ध जानुजाजले गरेको गोलमा उनले खुसी मनाएका थिए।

आजको खेल

अर्जेन्टिना Vs फ्रान्स

समय : बेलुकी ७:४५ बजे/ स्थान : कजान एरेना, कजान

पोर्चुगाल Vs उरुग्वे

समय : राति ११:४५ बजे/ स्थान : फिस्ट ओलम्पिक स्टेडियम, सोची

गोल्डेन बुटका दाबेदारी

ह्यारी केन	(इंग्ल्यान्ड)
क्रिस्टियानो रोनाल्डो	(पोर्चुगल)
रोमेलु लुकाकु	(बेल्जियम)
डेनिस चेरिसेभ	(रूस)
डिएगो कोस्टा	(स्पेन)

विश्वकपको प्रचारमा हुलाक टिकटको प्रयोग

(स्रोत : साधना, पूर्णाङ्क : ५५, विश्वकप विशेषांक १९९८)

हुलाक टिकट प्रचारका निमित्त अत्यन्त सशक्त माध्यम भएकाले यसपालि हुन गइरहेको १६औं विश्वकप फुटबल प्रतियोगिताको प्रचारार्थ खेल शुरू हुनुभन्दा धेरै दिन अगावै फ्रान्सले ३ फ्रैन्क मूल्य पर्ने एउटा अद्भूत किसिमको हुलाक टिकट जारी गरिसकेको छ।

विश्वका धेरै मुलुकले हुलाक टिकट राम्रो गराउन प्रतिस्पर्धात्मक तवरले वर्षै पिच्छे एकअर्को देशको भन्दा अनौठो तरिकाले निकाल्ने गर्दै आइरहेको पाइन्छ। त्यसो हुँदा संग्रहकर्ताहरू त खुसी हुने नै भए, साथै नन कलेक्टरहरू पनि आकर्षित हुन पुगेर उनीहरूले हुलाक टिकट संग्रह गर्न पुगे।

फ्रान्सले जारी गरेको उपरोक्त विश्वकप फुटबल फ्रान्स ९८ को टिकट अन्य हुलाक टिकटजस्तो चारकुने छैन यसपालि। तपाईंहरू पत्याउनोस्, नपत्याउनोस् उक्त हुलाक टिकट एकदम गोलो फर्म्यटमा तयार गरिएको छ यसपालि।

पकेटमा राख्न एकदमै सुविधायुक्त बुकलेटमा बिक्री गरिएको थियो फ्रान्सेली हुलाक विभाग LA Poste बाट। उक्त बुकलेटमा एकातिर ५ वटा अनि अर्को बायाँपट्टिको भागमा ५ वटा गरी जम्मा १० वटा हुलाक टिकट समावेश गरी एउटा सुन्दर बुकलेट निश्कासन गरिएको थियो।

उक्त बुकलेटको जम्मा मूल्य ३० फ्रैन्क पर्दछ। सो बुकलेटको कभर पेजतिर रातो रंगको भूमिमा नीलो रंगले खेलाडीको प्रोफाइल छापिएको छ कलात्मक ढंगले। बीचबीचमा १/२ वटा खेलाडीको प्रोफाइल रातोमै पनि इन्सेट गरिएको देखिन्छ। उक्त बुकलेटमा प्रयोग भएका लेटरहरू यस प्रकारका छन् :

CARNET DE TIMBRES- POSTE 10 TIMBRES-POSTE A 3,00 LE CARNET : 30,000 तथा

फ्रान्सेली हुलाक विभागको लोगो जसमा LAPOSTE र चराको प्रतीकात्मक चिह्न रहेको छ जुन बुकलेटको तल्लो भागमा प्रयुक्त गरेको देखिन्छ। बुकलेटको जिल्लामा गोलपोस्ट भने सेतो रेखांकित गरिएको देखिन्छ। अब हुलाक टिकटको अद्भूत पर्दातिर हेरौं। उक्त गोलो हुलाक टिकट प्रयोग गर्नलाई असुविधा नहोस् भन्नाका खातिर टिकटको चारैतिर पर्फोरेसन (प्वालहरू अथवा छिद्रहरू) गरिएका छन्। अनि अन्य टिकटजस्तै कागजमा छापिएको नभई विशेष प्रकारको प्लास्टिक मिश्रित कागजमा छापिएका छन्। १० टिकट आपसमा जोडिएको नभई छुट्टाछुट्टै राखिएका छन्। हुलाक टिकटको मध्यभागमा एउटा नीलो फुटबल विश्वकप फुटबल फ्रान्स ९८ को लोगो समाविस्ट गरिएको छ। त्यसको माथिल्लो भागमा सेमी सर्कल गरी REPUB LIQUE FRANCAISE LA POSTAE अभिलेख कालो रंगमा छापिएका छन् भने फुटबलको मुनितिर COUPE DU MONDE कालो रंगमा इन्भर्टेड भएको देखिन्छ। अनि ३ सय (हुलाक टिकट दर अथवा मूल्य) अलि मोटो टाइपमा छापिएको छ। सम्पूर्ण हुलाक टिकटको पृष्ठभूमिमा भाग लिने देशको झण्डा बहुरंगमा छापिएका छन्।

उक्त हुलाक टिकट अन्य हुलाक टिकट जस्तौको गम भएको नभई टिकटको रूपमा तयार गरिएको छ। प्रयुक्तकर्तालाई ज्यादै सजिलो हुन गएको छ यो प्रविधिले गर्दा। चट्ट बुकलेटबाट उप्कायो अनि आफ्नो चिठी खाममा झट्ट टँस्यो, टाँसिहाल्ने कस्तो सजिलो। फेरि एकपटक चिठी खाममा टाँसिसकेपछि कुनै हालतमा पनि नउप्कने। लाहा छाप लगाएको जस्तो। हुलाकका टिकट चोर कर्मचारीका लागि अभिशाप। पत्र प्रेषकका लागि वरदान।

हाम्रो देशको हुलाक सेवा विभागले पनि विश्वकप फुटबल FRANCE 98 को एउटा संस्मरणात्मक हुलाक टिकट जारी गर्ने भएको छ। फिलाटेलिक कार्यक्रम १९९८ अनुसार उक्त हुलाक टिकटको मूल्य रु. १८ राखिने भएको देखिन्छ। अंग्रेजी मितिअनुसार उक्त प्रकाशन गरिने तिथि मेमा पर्न आउँछ भने नेपाली तिथिअनुसार २०५५ जेठमा पर्न आउँछ। -सोह्रौं विश्वकप फुटबल प्रतियोगिता (फ्रान्स)।

दिन र डिजाइनको बारेमा नेपाल फिलाटेलिक ब्यूरो सुन्धारा, काठमाडौंबाट प्रकाशित उक्त फिलाटेलिक कार्यक्रम १९९८ को पम्पलेट फोल्डरमा कुनै थप कुरा जनाइएको पाइँदैन। सन् १९३० देखि विश्वका विभिन्न देशमा आयोजित भई हजारौं किसिमका हुलाक टिकट जारी गरिसकेका छन्। एउटै मात्र फुटबलसम्बन्धी हुलाक टिकट निकाल्ने देश कुन हो भनी हाजिरी जवाफमा सोध्यो भने त्यो देश हुन आउँछ नेपाल। कसो गिनिज बुकमा दर्ता गरिएन।

सन् १९७४ को जुलाई १ तारिखका दिन एउटा २ पैसे हुलाक टिकट जारी गरिएको थियो। हाम्रो देश नेपालमा पाकिस्तान सेक्युरिटी प्रिन्टिङ कर्पोरेसनद्वारा लियोग्राफी प्रोसेस मुद्रित भर्टिकल डिजाइनको बहुरंगी हुलाक टिकटको बजारभाउ बेलायत हो भने १० पेन्स अर्थात् नेपाली लगभग रु १० मात्र पुग्न सफल भएको छ। २४ वर्षपछि प्रकाशन भएको मितिअनुसार।

–सुरेन्द्रलाल श्रेष्ठ (फिलाटेलिस्ट)

पोर्चुगालविरुद्ध उरुग्वे

अर्थात् रोनाल्डो भर्सेस सुआरेज

रुसमा जारी विश्वकपअन्तर्गत शनिबार हुने अन्तिम १६ को दोस्रो खेलमा समूह 'ए' विजेता उरुग्वे र समूह 'बी' को उपविजेता पोर्चुगल सोचीस्थित फिस्ट ओलम्पिक स्टेडियममा आमने सामने हुँदैछन्। जारी विश्वकपमा उरुग्वेले समूह चरणमा १ गोल पनि नबेहोरी ३ वटै खेलमा शतप्रतिशत जितसहित नकआउट चरणको यात्रा तय गरेको हो। यस क्रममा आयोजक रुसलाई समेत ३-० गोलअन्तरले पराजित गरेको थियो।

अर्कोतिर पोर्चुगलको अन्तिम १६ यात्रा भने सहज भएन। १ खेलमा जित र २ खेलमा बराबरीको नतिजा आत्मसात गर्दै पोर्चुगल नकआउट चरणमा पुगेको हो। त्यसक्रममा पोर्चुगलले ४ गोल गर्दा विपक्षीबाट पनि ४ गोल नै बहोरेको छ। रुसविरुद्धको खेलमा आक्रमणमा केन्द्रित गर्न रणनीति बदलेको उरुग्वेले ३-० को राम्रो नतिजासमेत निकालेको थियो। तर पोर्चुगलविरुद्ध भने आफ्नो पारम्परिक रणनीति ४-४-२ मा नै उरुग्वे उत्रने प्रबल सम्भावना रहेको छ। पोर्चुगलविरुद्धको खेलमा यदि तिघ्राको चोटका कारण जोसे मारिया गिमानेज नदेखिएमा उनको स्थान सेन्टर ब्याक सेबेस्टियन कोट्सले सम्हाल्ने छन्।

उरुग्वे विशेषत: लुइस सुआरेज, एडिन काभानी र डिएगो गोडिनको प्रदर्शनमा निर्भर हुनेछ। यता ४-४-२ कै रणनीति रहेको पोर्चुगल भने स्ट्राइकर क्रिस्टियानो रोनाल्डो, विन्गर रिकार्डो क्वारेज्मा र सेन्टरब्याक जोसे फोन्टेमा बढी निर्भर हुनेछ। पोर्चुगलका गोलरक्षक रुई प्यट्रीसियोसहित डिफेन्डर सेड्रिक, पेपे, फोन्टे र गुरेरोलाई उरुग्वेका मिडफिल्डर नान्देज, भेसिनो, रोड्रिगो र रोड्रिग्वेजसहित फरवार्ड लुइस स्वारेज र एडिन्सन काभानीको अग्रपंक्तिले सताउन सक्नेछ।

यस्तै गोलरक्षक फर्नान्डो मुस्लेरासहित उरुग्वेका डिफेन्डर भर्सेला, गिमिनेज, गोडिन र मार्टिनको रक्षापंक्तिलाई पोर्चुगलका मिडफिल्डर क्वारेज्मा, मौटिन्हो, कार्भाल्हो र मारियोसहित फरवार्ड रोनाल्डो र गोन्कालोले अग्निपरीक्षा लिनेछन्।

हेड टु हेड

यी दुईले अहिलेसम्म २ पटक मात्र एकअर्कोविरुद्ध खेलेका छन्। जसमध्ये १ खेल पोर्चुगलले जित्दा अर्को खेल बराबरीमा टुंगिएको छ। यसक्रममा पोर्चुगलले ४ गोल गर्दा उरुग्वेले १ गोल मात्र फर्काएको छ। विश्वकपमा भने यी दुईबीच अहिलेसम्म भिडन्त भएको छैन।